नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# समृद्धिका लागि वन परियोजना

# समृद्धिका लागि वन कार्यक्रम

# समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदान निर्देशिका

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

## रेड कार्यान्वयन केन्द्र

बबरमहल, काठमाण्डौ

फाल्गुण, २०७८

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

## विषय सूची


१. भूमिका ........ 1
२. उद्देश्यहरु ........ 1
३. परिभाषाहरु ........ 2
४. प्राविधिक सहयोगसम्बन्धी प्रावधानहरु ........ 2
५. कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान (SFMG) सम्बन्धी प्रावधानहरु ........ 5
५.१ सम्भावित उपभोक्ता समूहहरुको पहिचान ........ 6
५.३ कार्यान्वयन, अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन ........ 8
६. SFM सम्बन्धी अभिलेखहरुको हेरचाह तथा रिपोर्टिङ्ग ........ 9
७. विविध ........ 10


### तालिकाको सूची


तालिका 1 : तीनवर्षीय कार्य योजना ........ 4
तालिका 2 : दिगो वन व्यवस्थापन सम्बन्धी कार्यसम्पादन मूल्याङ्कन र किस्ता भुक्तानीको औचित्य ........ 9


### चित्रको सूची


चित्र 1 : लुम्बिनी प्रदेश र मधेश प्रदेशस्थित सहभागी पालिकाहरु ........ **Error! Bookmark not defined.**


### अनुसूचीहरु


अनुसूची 1 : कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदानको भुक्तानीसम्बन्धी सम्झौता ........ 10
अनुसूची 2 : कार्यक्रम/परियोजनामा सहभागी पालिकाहरु ........ 11
अनुसूची 3 : प्रमुख अभियन्ताहरु र तिनका भूमिका तथा जिम्मेवारीहरु ........ 12


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं नेपाल

## परिवर्णी शब्दावली (Acronyms)

| | |
|---|---|
| CBFM | Community-based Forest Management (समुदायमा आधारित वन व्यवस्थापन) |
| CFUG | Community Forest User Group (सामुदायिक वन उपभोक्ता समूह) |
| COFUG | Collaborative Forest User Group (साझेदारी वन उपभोक्ता समूह) |
| ESMF | Environmental and Social Management Framework (वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका) |
| ESS | Environmental and Social Securities (वातावरणीय तथा सामाजिक सुरक्षा) |
| FFPP | Forests for Prosperity Project (समृद्धिका लागि वन परियोजना तथा कार्यक्रम) |
| LHFUG | Leasehold Forest User Group (कबुलियती वन उपभोक्ता समूह) |
| PPG | Performance-based Plantation Grant (कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान) |
| REDD | Reducing Emission from Deforestation and Forest Degradation (वन विनास तथा वनको क्षयबाट हुने उत्र्सजन न्यूनीकरण गर्ने) |
| SFM | Sustainable Forest Management (दिगो वन व्यवस्थापन) |
| SFMG | Sustainable Forest Management Performance-based Grant (कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान) |

## १. भूमिका

नेपाल सरकारले वन क्षेत्रलाई राष्ट्रिय सोंच "समृद्ध नेपाल, सुखि नेपाली" मा योगदान गर्ने आर्थिक क्षेत्रहरुमध्ये एक मानेको छ । स्थानीय समुदाय र 'पारिस्थिकीय प्रणाली प्रतिरोधि' (ecosystem-resilient ) अवस्थाको निर्माण मार्फत स्थानीय समुदायहरुको कल्याण, राष्ट्रको समृद्धि र 'वन विनास तथा वनको क्षयीकरणबाट हुने उत्र्सजन न्यूनीकरण गर्ने' कार्यका लागि हाल विभिन्न वन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ । रुपान्तरणकारी कार्यक्रमहरुमध्ये एक मानिने "समृद्धिका लागि वन परियोजना" (Forests for Prosperity Project: FFPP) हाल मधेश प्रदेश र लुम्बिनी प्रदेशमा कार्यान्वयन भइरहेको छ । यस कार्यक्रमको उद्देश्यहरुमा सहभागी पालिकाहरुमा दिगो वन व्यवस्थापन (Sustainable Forest Management: SFM) कार्यान्वयन गर्ने, वनवाट प्राप्त हुने लाभहरु वृद्धि गर्ने, र खुद हरित ग्यास ग्यास उत्सर्जन न्यूनीकरण गर्ने हो । सहभागी पालिकाहरुमा समुदायमा आधारित दिगो वन व्यवस्थापनका बहु-प्रणाली अन्तर्गत यसका अभ्यासहरु विस्तार एवं सुधार गर्न गर्नका साथै प्राकृतिक वन व्यवस्थापनका अभ्यासहरुलाई सुधार गर्नका लागि समृद्धिका लागि वन परियोजना तथा कार्यक्रम (यसपछि कार्यक्रम भनिने) ले प्राविधिक सहयोगका साथै कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान (Sustainable Forest Management Grant: SFMG) मार्फत आवश्यक स्रोत र सामग्रीहरुको प्रबन्ध मिलाउंदछ ।

यो निर्देशिका समुदायमा आधारित दिगो वन व्यवस्थापनका बहु-प्रणाली अन्तर्गत यसका अभ्यासहरु विस्तार एवं सुधार गर्नमा केन्द्रित रहनेछ । सामुदायिक वन उपभोक्ता समूह (Community Forest User Group: CFUG), साझेदारी वन उपभोक्ता समूह (Collaborative Forest User Group: COFUG), र कबुलियति वन उपभोक्ता समूह (Leasehold Forest User Group: LHFUG) हरुलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गर्न मधेश र लुम्बिनी प्रदेश सरकारहरुबाट सम्बन्धित डिभिजन वन कार्यालयहरुले दिगो वन व्यवस्थापन अनुदान (Sustainable Forest Management Grant: SFMG) भुक्तानी (payment) सँगै संघीय सरकारबाट सशर्त अनुदान (conditional grant) प्राप्त गर्नेछन् । यो कार्यक्रम मधेश प्रदेश र लुम्बिनी प्रदेश स्थित ५० वटा पालिकाहरुमा प्राथमिकता दिई कार्यान्वयन गरिनेछ (हेर्नुहोस अनुसूची २) ।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वन व्यवस्थापनमा संलग्न 'समुदायमा आधारित वन व्यवस्थापन' (Community-based Forest Management: CBFM) समूहहरुको सुझावहरुमा आधारित रहेर यस 'दिगो वन व्यवस्थापनको कार्यसम्पादनमा आधारित भुक्तानी निर्देशिका' कार्यान्वयन गरेको छ ।

## २. उद्देश्यहरु

यस निर्देशिकाको समग्र उद्देश्य मधेश र लुम्बिनी प्रदेश सरकारहरुलाई सहभागी पालिका अन्तर्गतका समुदायहरुलाई दिगो वन व्यवस्थापनका लागि सम्बन्धित डिभिजन वन कार्यालयहरुबाट कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी प्राप्त गर्नमा सहयोग गर्नु हो । यसका विशिष्ट उद्देश्यहरु निम्नानुसारका छन् :

- समुदायमा आधारित वन व्यवस्थापनका बहु-प्रणाली अन्तर्गत व्यवस्थापन गरिएका वनहरुबाट उत्पादन एवं उत्पादकत्व वृद्धि गर्नका साथै परिष्कृत लाभहरु (enhanced benefits) प्राप्त गर्नका लागि समुदायहरुलाई कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदानमा सहभागी हुन सक्षम बनाउने; र
- आवश्यक प्राविधिक सहयोगका साथै योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, कार्यसम्पादन मूल्याङ्कन (performance assessment), र कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदानको भुक्तानीका लागि सहभागी समुदाय र डिभिजन वन कार्यालयलाई चरणबद्ध रुपमा मार्गदर्शन प्रदान गर्ने ।

नेपाल सरकार वन तथा वातावरण ... रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

## ३. परिभाषाहरु

यस निर्देशिकामा विषय वा प्रसङ्गमा अन्य अर्थ नलागेसम्म -

(क) "लाभग्राहीहरु" भन्नाले कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी योजनामा सहभागी हुने संयुक्त रुपमा "उपभोक्ता समूह" भनेर पहिचान गरिने सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समूह र कबुलियती वन उपभोक्ता समूहहरुका साथै यी समूह भित्रका व्यक्ति विशेषहरुलाई जनाउंदछ।

(ख) "राष्ट्रिय वन" भन्नाले सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन र कवुलियति वनहरुलाई जनाउंदछ।

(ग) "सामुदायिक वन" भन्नाले वन ऐन (२०७६) को खण्ड १८ र ३१ अनुसार संरक्षण, व्यवस्थापन र सदुपयोगका लागि सामुदायिक वन उपभोक्ता समूहहरुलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनको एक अंशलाई जनाउंदछ।

(घ) "साझेदारी वन" भन्नाले वन ऐन (२०७६) को खण्ड २३ र ३१ अनुसार समूहहरुले सम्बन्धित डिभिजन वन कार्यालय र स्थानीय तहको सहकार्यमा साझेदारी वन उपभोक्ता समूहद्वारा व्यवस्थित राष्ट्रिय वनको एक अंशलाइ जनाउंदछ।

(ङ) "कबुलियति वन" भन्नाले वन ऐन (२०७६) को खण्ड २६ (२) अनुसार 'कबुलियती वन उपभोक्ता समूह' भनेर पहिचान गरिएका गरीव घरधुरीहरुको समूहद्वारा व्यवस्थित राष्ट्रिय वनको एक अंशलाइ जनाउंदछ।

(च) "समुदायमा आधारित वन व्यवस्थापन" भन्नाले वन ऐन (२०७६) को खण्ड ३१ अनुसार संयुक्त रुपमा "उपभोक्ता समूह" भनिने सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समूह र कबुलियती वन उपभोक्ता समूहहरुद्वारा व्यवस्थित गरिएका सबै प्रकारका वनहरु भन्ने जनाउंदछ।

(छ) "डिभिजनल वन अधिकृत" भन्नाले विद्यमान कानून अनुसार नेपाल सरकारद्वारा खटाइएको डिभिजन वन कार्यालयको प्रमुख जनाउंदछ।

(ज) "प्रादेशिक मन्त्रालय" भन्नाले वन सम्बन्धी मामिलाहरु प्रति जिम्मेवार प्रादेशिक सरकार अन्तर्गतको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयलाई जनाउँदछ।

(झ) "पालिका" भन्नाले गाउपालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिका भन्ने जनाउँदछ।

(ञ) "दिगो वन व्यवस्थापन" भन्नाले जलवायु परिवर्तन अनुकूलन एवं न्यूनीकरणलाई ध्यानमा राख्दै दिगोपनका सिद्धान्त तथा मापदण्डहरु अनुरुप तयार गरिएको व्यवस्थापन योजनामा उल्लेखित प्रावधानहरु बमोजिम व्यवस्थित गरिएको वहुउपयोगी वन उत्पादनहरुका साथै सेवाहरु प्रदान गर्ने वन भन्ने जनाउँदछ।

(ट) वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका (ESMF) भन्नाले समृद्धिका लागि वन परियोजना तथा कार्यक्रमका क्रियाकलापहरुबाट उत्पन्न हुन सक्ने वातावरणीय तथा सामाजिक जोखिमहरु सम्बोधन गर्नका लागि तयार गरिएको 'वातावरणीय तथा सामाजिक व्यवस्थापनको खाका' (Environmental and Social Management Framework) भन्ने जनाउँदछ।

## ४. प्राविधिक सहयोगसम्बन्धी प्रावधानहरु

यस समृद्धिका लागि वन परियोजनाले वन उपभोक्ता समूहहरुलाई कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रम (SFMG Payment Initiative) अन्तर्गत निम्न कार्यहरु सम्पन्न गर्नका लागि डिभिजन वन कार्यालय मार्फत प्राविधिक सहयोग उपलब्ध गर्नेछ :

४.१ निम्न कुराहरु सुनिश्चित गर्दै समुदायमा आधारित वन व्यवस्थापन अन्तर्गतका विद्यमान वन व्यवस्थापन योजनाहरु परिमार्जन गर्ने-

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

(क) कित्तानापी सर्वेक्षण नक्सा तथा GPS सर्वेक्षण नक्साको संयोजन (combination) सहितको समुदायमा आधारित वन व्यवस्थापन अन्तर्गत रहेको वनको अद्यावधिक नक्साङ्कन;

(ख) वनको उत्पादन एवं उत्पादकत्वमा वृद्धि गर्नका लागि वन व्यवस्थापनमा सुधार;

(ग) वनको पारिस्थितिकीय प्रणालीबाट वनको स्वास्थ्यमा सुधार तथा परिष्कृत सेवाहरु;

(घ) पारदर्शिता, उत्तरदायित्व, सहभागिता र महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम र भूमिहीन गरीवहरुको समावेशीकरण मार्फत सुशासनमा सुधार;

(ङ) उपभोक्ता समूहहरु तथा तिनका समितिहरुका लागि सीप, प्रविधि, र उपकरणहरुमा पहुंच;

(च) वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकासँग एकरुपता साथै स्वीकृत मानक तथा मार्गनिर्देशनहरु (standards and guidelines) सहितको वातावरणीय तथा सामाजिक मापदण्डहरु;

(छ) कानूनी तथा नियामक प्रावधानहरु, अभिलेखीकरण र कार्यालयको अभिलेख व्यवस्थापन, लेखापालन, समूह व्यवस्थापन, प्रतिवेदन लेखन, सुरक्षा र सम्बन्धित विषयहरुमा उपभोक्ता समूहहरुका लागि छोटो प्रशिक्षण कार्यक्रमहरुका साथै कोचिङ्ग ।

४.२ निम्न कुराहरु सुनिश्चित गर्दै समुदायमा आधारित वन व्यवस्थापनलाई विस्तार एवं सुढृढ गर्ने :

(क) पारदर्शिता, उत्तरदायित्व र महिला, आदिवासी जनजाति, मधेशी, दलित, भूमिहीन र वनमा आश्रित गरीवहरुलाई विशेष ध्यान एवं प्राथमिकता सहितको समावेशी सहभागितात्मक प्रक्रिया (inclusive participatory process) अपनाएर विधान (constitution) र व्यवस्थापन योजना तयारीसहितको नयाँ उपभोक्ता समूहको गठन;

(ख) सामुदायिक वन विकास मार्गनिर्देशनहरु, वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका, वातावरणीय तथा सामाजिक सुरक्षाका (Environmental and Social Safeguards: ESS) आवश्यकताहरु, र स्वीकृत दिगो वन व्यवस्थापन सम्बन्धी मानक तथा मार्गनिर्देशनहरुको पालना भएको सुनिश्चित गर्ने;

(ग) उपभोक्ता समूहहरुका लागि सीप विकाससम्बन्धी अवसर, प्रविधि, र उपकरणहरुमा पहुंच पुऱ्याउने;

(घ) कानूनी एवं नियामक प्रावधानहरु, अभिलेखीकरण तथा कार्यालयको अभिलेख व्यवस्थापन, लेखापालन, समूह व्यवस्थापन, प्रतिवेदन लेखन, र सम्बन्धित मामिलाहरुमा उपभोक्ता समूहहरुका लागि छोटो प्रशिक्षण कार्यक्रमहरुका साथै कोचिङ्गको प्रवन्ध मिलाउने; र

(ङ) आवश्यक दस्तावेजहरुको सिफारीस, स्वीकृति, दर्ता, र प्रमाणीकरणका लागि उपभोक्ता समूहहरुलाई सो तयार गर्नमा र पेश गर्नमा सहयोग गर्ने ।

४.३ वन ऐन (२०७६) खण्ड २६ (२) अन्तर्गत रहेका कबुलियती वन उपभोक्ता समूहहरुका साथै सामुदायिक वन उपभोक्ता समूह भित्रका गरीब कबुलियती समूहहरु विशेष गरी महिला, आदिवासी जनजाति, तराईवासी, मुस्लिम, दलित, र वनमा आश्रित, र भूमिहीन गरीवहरुलाई निम्न प्रयोजनका लागि विस्तारित सहयोग प्रवर्धन :

(क) कबुलियति वन व्यवस्थापन तथा जिविकोपार्जन सुधार योजना (Livelihood Improvement Plan) तयार गर्नमा र तिनको कार्यान्वयनमा सहयोग;

(ख) साना-स्तरका व्यवसायीक गैह्रकाष्ठ खेति र वनमा आधारित उद्यमहरु;

(ग) महिला, आदिवासी जनजाति, तराईवासी, र दलितका परम्परागत पेशागत उद्यमहरुको सुदृढीकरण;

(घ) उपयुक्त सचेतना तथा सीप विकास कार्यक्रहरुका साथै सीप, प्रविधि र उपकरणहरुमा पहुंच; र

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

(ङ) सामाजिक समावेशीकरण र वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका अनुरुप भएको सुनिश्चित गर्नुका साथै ESS एवं स्वीकृत मानक तथा मार्गनिर्देशनहरुका आवश्यकताहरु पूरा गर्न कबुलियति वनसम्बन्धी मार्गनिर्देशनहरुको अनिवार्य रुपमा पालना गर्ने ।

४.४ निम्नबमोजिका नियम तथा सर्तहरु (terms and conditions) भित्र आगामी आर्थिक वर्षको वार्षिक योजनामा समावेश गरिने कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रममा सहभागी हुन निम्नानुसारको एक वटा प्रस्ताव तयार गर्ने :

(क) तयार गरिने प्रस्ताव डिभिजन वन कार्यालयद्वारा स्वीकृत क्रियाकलापअनुसारको अनुमानित लागत, कार्यान्वयन-पात्रो (Implementation Calendar) का साथै तालिका १ मा प्रस्तुत गरिएजस्तै (तर सिमित नगरिकन) क्रियाकलापहरुका लागि उपभोक्ता समूहहरु र डिभिजन वन कार्यालयबीच प्रस्तावित लागत बाँडफाँट (cost-sharing) सहितको सक्रिय व्यवस्थापन योजनाको दायराभित्र पर्नुपर्ने । कियाकलापहरुलाई उपविभाजन पनि गर्न सकिन्छ ।

**तालिका 1 : तीनवर्षीय कार्य योजना**

**उपभोक्ता समूहको नाम तथा ठेगाना : ....................................................**
**भुक्तानी कार्यक्रममा सहभागी हुनका लागि प्रस्तावित तीनवर्षीय कार्य योजना**
**आ. व. २०..../.... देखि २०.... सम्म**
**(कृपया वनको डिजिटल नक्सा समावेश गर्नुहोस्)**

| क्रियाकलापहरु | इकाई | इकाई मूल्य | क्रियाकलाप-पात्रो | | अनुमानित लागत (ने.रु.) | | |
|---|---|---|---|---|---|---|---|
| | | | वर्ष | महिना | उपभोक्ता समूह | डिभिजन वन कार्यालय | जम्मा |
| व्यवस्थापन योजनाको तयारी/परिमार्जन (सर्वेक्षण, नक्साङ्कन, खण्ड विभाजन, नाप-पैमाइस, चिन्ह लगाउने, योजना लेखन) | संख्या | | | | | | |
| अग्नी-रेखा निर्माण तथा मर्मत सम्भार | हेक्टर | | | | | | |
| तारवार लगाउने (आवश्यक परेमा) | मीटर | | | | | | |
| हेरालु राख्ने (आवश्यक परेमा) | संख्या | | | | | | |
| पत्ल्याउने (thinning) | हेक्टर | | | | | | |
| वन पैदावारहरु सङ्कलनतथा घाटगद्दी (harvesting and yarding of logs) | घन मीटर | | | | | | |
| प्राकृतिक पूनरुत्पादनको प्रवर्द्धन (Promotion of natural regeneration) | हेक्टर | | | | | | |
| वन्यजन्तुको वासस्थान र भू तथा जलस्रोतको व्यवस्थापन | संख्या | | | | | | |
| दफा ३ मा निर्दिष्ट गरिएबमोजिम नयाँ र विद्यमान कबुलियती वन उपभोक्ता समूहहरु र अन्य कबुलियति समूहका लागि कबुलियति तथा जिविकोपार्जन सुधार योजनाको तयारी (माथिजस्तै क्रियाकलापअनुसारको लागत समावेश गर्नुहोस्) | संख्या | | | | | | |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य (आवस्यकता अनुसार पंक्ति थप्नुहोस्) | | | | | | | |
| | | | | जम्मा | | | |
| **हस्ताक्षर**<br>**सचिब** | | | | **हस्ताक्षर**<br>**अध्यक्ष** | | | |

(ख) स्वीकृत दिगो वन व्यवस्थापन सम्बन्धी मार्गनिर्देशनहरुका अलावा प्रदेश तथा संघीय सरकारहरुबाट जारी भएको नियमन गर्ने तरिकाहरु (regulatory instruments) को पालना गर्नुपर्दछ, साथै वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका सम्बन्धी प्रावधानहरु र आवश्यक मानकहरु पालना गर्नुपर्दछ ।

(ग) नयाँ वा परिमार्जित वन व्यवस्थापन योजनाहरु स्वीकृत दिगो वन व्यवस्थापन मापदण्ड वा वन सर्म्बधन प्रणालीमा आधारित मापदण्ड वा निर्देशिका बमोजिम कार्यान्वयन गरिनुपर्दछ ।

(घ) सम्बन्धित उपभोक्ता समूहहरुको अनुरोधमा प्रत्येक सब-डिभिजन वन कार्यालयले तिनीहरुको प्रस्ताव तयारीको लागि प्राविधिक सहयोग गर्नेछ ।

**प्रस्तावकको लागि सूची:** कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी गरिनुपूर्व प्रस्तावित क्रियाकलापहरुको कार्यसम्पादन मूल्याङ्कन निम्न मापदण्डहरुको आधारमा गरिनेछ :

(क) पात्रोअनुसार वार्षिक कार्य योजना (Annual Plan of Operations: APO) कार्यान्वयन - (२५%);

(ख) स्टायण्ड क्वालिटी अर्थात खडा रुखहरुको औषत गुणस्तर, जैविक विविधता (biodiversity), जलस्रोत संरक्षणजस्ता वन संरक्षणको अवस्था - (२०%);

(ग) नियमित समितिका बैठकहरु (meetings), बलियो आन्तरिक अनुगमन प्रणाली, सार्वजनिक लेखापरीक्षण र सरोकारवालाहरुसँगको समन्वय - (१५%);

(घ) न्यायिक लाभ बाँडफाँट प्रणाली (Judicial Benefit-sharing System) - (१५%);

(ङ) समयमै सम्बन्धित डिभिजन वन कार्यालय र पालिका कार्यालयहरुमा वार्षिक लेखापरीक्षणका साथै आर्थिक तथा वार्षिक प्रतिवेदन पेश गरेको - (१५%); र

(च) प्रमुख पदहरुमा महिला, आदिवासी जनजाति, मधेसी र दलितहरुको समावेशीकरण - (१०%)

४.५ लुम्बिनी र मधेश प्रदेशस्थित डिभिजन वन कार्यालयहरु र सहभागी पालिकाहरुलाई यस निर्देशिकामा उल्लेख गरिए बमोजिम तोकिएका भूमिका एवं जिम्मेवारीहरु सम्पन्न गर्नमा सहयोग गर्नु सबै पक्षको दायित्व हो ।

४.६ सेवा प्रदायकहरु खरिद गर्दा सार्वजनिक खरिद ऐन (२०६३), सार्वजनिक खरिद नियमावली (२०६४) र नेपाल सरकारका नर्म्स र मापदण्डहरु पालना भएको सुनिश्चित गर्नुपर्दछ ।

## ५. कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान (SFMG) सम्बन्धी प्रावधानहरु

सहभागी उपभोक्ता समूहहरुले यस निर्देशिकाको खण्ड ४ (४) मा उल्लेख भएबमोजिम सम्बन्धित प्रदेश र डिभिजन वन कार्यालयहरुको 'योजना तर्जुमा तथा प्रतिवेदन प्रणाली' (Planning and Reporting System) मा समावेश एवं एकीकृत

गर्नका लागि एउटा सरल एवं स्थानीय रुपमा उपयुक्त कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानीसम्बन्धी प्रस्ताव तयार गर्नेछन् । छनौट गरिएका उपभोक्ता समूहहरुले तिनीहरुका "वनहरु" को प्रदर्शनका साथै स्वीकृत "व्यवस्थापन योजनाहरु" (रुखहरु कटान गर्ने, लगिङ्ग अर्थात टुन टुक्रामा परिणत गर्ने, र सदुपयोग गर्ने योजनासहित) को कार्यान्वयनको अवस्थाको आधारमा सम्बन्धित डिभिजन वन कार्यालयहरुबाट कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी प्राप्त गर्नेछन् ।

## ५.१ सम्भावित उपभोक्ता समूहहरुको पहिचान

प्रत्येक सब-डिभिजन वन कार्यालयले इच्छुक उपभोक्ता समूहहरुको पहिचान गर्नेछन् र निम्न आधारमा तिनीहरुको दरखास्तहरु सङ्कलन गरी सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गर्नेछन् :

(क) प्रत्येक सहभागी डिभिजन वन कार्यालय, सब-डिभिजन वन कार्यालय, र प्रादेशिक इकाईले उपभोक्ता समूहहरुलाई सार्वजनिक रुपमा प्राविधिक सहयोगका साथ कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रमवारे सूचित गर्नेछन्;

(ख) सक्रिय व्यवस्थापन योजना हुने सबै उपभोक्ता समूहहरुले निवेदन दिन योग्य हुन्छन्, विशेष गरी महिलाद्वारा नेतृत्व गरिएका उपभोक्ता समूहहरुलाई निवेदन दिनको लागि प्रोत्साहित गरिनेछ ।

(ग) इच्छुक उपभोक्ता समूहहरुले आवश्यक स्वीकृति तथा कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी सम्बन्धी योजना तर्जुमामा समावेश गराउनका लागि सबभन्दा नजीकको सब-डिभिजन वन कार्यालयमा वा सिधै डिभिजन वन कार्यालयमा एउटा अनुरोध पत्र (cover-letter) सहित आफ्नो इच्छा जाहेर गरी निवेदन पेश गर्न सक्नेछन् । प्रस्तावमा निम्न दस्तावेजहरु संलग्न हुनुपर्नेछ :

- यस निर्देशिकाको खण्ड ४ (४) अनुसार आगामी तीन वर्षका लागि आवश्यक पर्ने बजेट सहितको विस्तृत कार्य योजनाको एक प्रति;
- विद्यमान उपभोक्ता समूहहरुका लागि वार्षिक प्रतिवेदनको एक प्रति;
- उपभोक्ता समूह समितिको निर्णयको एक प्रति र कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रम सम्बन्धी नियम तथा सर्तहरुसँग सहमति जनाउने एउटा प्रतिवद्धता-पत्र;
- घरधुरीहरुको संख्या, नियमित बैठक एवं भेलाहरु, उत्पादन, आय तथा व्यय (income and expenditure), रोजगारी तथा आय आर्जन गर्ने उपाय (income generation initiative), वनको अवस्थाजस्ता उपभोक्ता समूहहरुको उपलब्धि तथा जनशक्तिहरुको एउटा साराँश ।

(घ) विशेष गरेर आ-आफना स्वीकृत व्यवस्थापन योजनामा महिला र पहिचान गरिएका भूमिहीन गरीवहरुका लागि जग्गा विनियोजन गर्ने प्रावधान भएका सबै कबुलियती वन उपभोक्ता समूह र उपभोक्ता समूहहरुलाई निम्न दस्तावेजहरु संलग्न गरी निवेदन गर्नका लागि प्रोत्साहित गरिनेछ (स्वीकृत कार्ययोजना बमोजिम) :

- यस निर्देशिकाको खण्ड ४ (४) अनुसार आगामी तीन वर्षका लागि आवश्यक पर्ने बजेट सहितको विस्तृत दिगो वन व्यवस्थापन तथा जिविकोपार्जन सुधार योजनाको एक प्रति; र
- कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रममा सहभागी हुनका लागि उपभोक्ता समूह समितिको निर्णयको एक प्रति ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

(ङ) प्रत्येक सब-डिभिजन वन कार्यालयले प्राप्त निवेदनहरु कार्यालयको अभिलेखसँग रुजु गर्नेछ । यसरी रुजु गरिएका सबै निवेदनहरु सङ्कलन गरी आवश्यक प्राथमिकता मूल्याङ्कन (screening), योजना तर्जुमा, र बजेट निर्माणका लागि सम्बन्धित डिभिजन वन कार्यालयमा पठाउनेछ ।

## ५.२ कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रम तर्जुमा तथा बजेट निर्माण

प्रत्येक डिभिजन वन कार्यालयले उपभोक्ता समूहका लागि कार्य सम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रम निम्न आधारमा प्रादेशिक तहको योजना तथा बजेट प्रणालीभित्र एकीकृत गर्नेछ :

(क) डिभिजन वन कार्यालयले डिभिजनल वन अधिकृतको संयोजकत्वमा गठन गरिएको निम्नानुसारको एउटा छनौट समितिले प्रत्येक सब-डिभिजन वन कार्यालयको लागि सम्भावित उपभोक्ता समूहहरु छनौट गर्नेछ :

- डिभिजनल वन अधिकृत : संयोजक
- लेखा शाखाका प्रमुख : सदस्य
- डिभिजन वन कार्यालयले तोकेको समृद्धिका लागि वन परियोजना तथा कार्यक्रमका लागि सम्पर्क अधिकृत : सदस्य सचिव

(ख) निम्न कुराहरुलाई प्राथमिकता दिएर यस समितिले महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित र वनमा आश्रित गरीवहरुलाई विशेष ध्यान एवं प्राथमिकता सहित स्थानीय परिस्थितिका आधारमा यसका कार्यविधि तथा छनौट सम्बन्धी मापदण्डहरु तयार गर्नेछ र सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति प्राप्त गर्नेछ :

- कानूनी कार्यकाल समाप्त भएको व्यवस्थापन योजनाको संशोधन;
- सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहभित्र गरीबका लागि कवुलियती वन र कबुलियती वन उपभोक्ता समूहको विस्तार;
- उद्यमशीलता वा साना वनमा आधारित उद्यमलाई बढावा दिने दिगो वन व्यवस्थापन योजना;
- नियोजित क्रियाकलापहरु स्वीकृत व्यवस्थापन योजनाको दायराभित्र छन् भनी सुनिश्चित भएको ; र
- नियोजित कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानीहरु अनुमानित लागतको ५०% भन्दा बढी नहुने गरी पहिलो वर्ष ४०%, दोसो वर्ष ३०% र तेसो वर्ष ३०% गरी तीन किस्तामा उपलब्ध गराउने सुनिश्चितता ।

(ग) योजना शाखाले निवेदनहरु संकलन, सङ्ग्रह र रुजु गर्नेछ । यसका साथै स्वीकृत मापदण्डका आधारमा कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी सम्बन्धी सम्झौताका मस्यौदा तयार गरी निवेदनहरु सहित छनौट समितिमा पेश गर्नेछ ।

(घ) समितिले कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानीको लागि स्वीकृत मापदण्डहरु र उपलब्ध वार्षिक बजेटको सीमाका आधारमा सम्भावित अनुदान प्राप्त गर्ने उपभोक्ता समूहहरु छनौट गर्नेछ । पहिलो वर्ष समाविष्ट नभएका निवेदकहरुलाई आगामी वर्ष समावेश गरिनेछन्, र सोही अनुसार यसबारे तुरुन्तै सूचित गरिनेछ ।

(ङ) आगामी वर्षको वार्षिक योजना तथा बजेटभित्र पहिलो वर्षका सहभागी उपभोक्ता समूहहरुको दोसो किस्ता समावेश हुनेछ र नयाँ सहभागीहरुको पहिलो किस्ता समावेश हुनेछ ।

(च) छनौट समितिले छनौट गरिएका अनुदानग्राहीहरुको नाम, ठेगाना, वनको क्षेत्रफलका साथै प्रस्तावित बजेटलाई सम्बन्धित डिभिजन वन कार्यालयमा त्यहाँको वार्षिक योजना तथा बजेटभित्र समावेश गर्नका लागि पेश गर्नेछ ।

(छ) सम्बन्धित डिभिजन वन कार्यालयले कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानीहरु आफ्नो वार्षिक योजनाभित्र समाविष्ट गर्नुपर्नेछ । यसरी डिभिजन वन कार्यालयहरुबाट सङ्ग्रहित गरिएका योजना तथा बजेटहरु सम्बन्धित प्रदेशको वन निर्देशनालयका साथै प्रादेशिक मन्त्रालयको वार्षिक योजना तथा बजेटभित्र एकिकृत गरी समावेश गर्नका लागि पेश गर्नेछ । यो प्रकृया नियमित वार्षिक रुपमा निरन्तर जारी रहनेछ । साथै डिभिजन वन कार्यालय र प्रादेशिक तहको योजना तर्जुमासम्बन्धी प्रकृयाको एक अभिन्न अङ्ग बन्नेछ ।

## ५.३ कार्यान्वयन, अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन

प्रत्येक डिभिजन वन कार्यालयले उपभोक्ता समूहहरुका लागि कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रमको कार्यान्वयन, अनुगमन र कार्यसम्पादन मूल्याङ्कनका लागि निम्न उपायहरु अवलम्वन गर्नेछ :

(क) वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकाका साथै आवश्यक स्वीकृत मानक तथा मार्गनिर्देशन अनुरुपको व्यवस्थापन योजनाको कार्यान्वयन गर्नमा सम्बन्धित उपभोक्ता समूहहरु जिम्मेवार हुनेछन् । नियोजित क्रियाकलापहरु कार्यान्वयन गर्न असफल भएमा डिभिजन वन कार्यालय र प्रादेशिक इकाईलाई कुनैपनि वित्तीय दायित्व पूरा गर्न प्रेरित गरिने छैन ।

(ख) प्रत्येक सहभागी उपभोक्ता समूहले क्रियाकलाप अनुसारको मिति, सदस्यहरुको संख्या साथै रोजगारीमा राखिएका संलग्न कामदारहरुको संख्या र सामना गरेका समस्याहरु (केही भएमा) सहितको एउटा कार्य सम्पादन रजिष्टर खडा गरेर राख्नु पर्दछ ।

(ग) सम्बन्धित सब-डिभिजन वन कार्यालय र प्रादेशिक इकाईका कर्मचारीहरुले नियमित रुपमा दिगो वन व्यवस्थापन -स्थलहरुको भ्रमण गर्नेछन्, सहभागी उपभोक्ता समूहका प्रतिनिधिहरुसँग छलफल गर्नेछन् र कार्यान्वयन-रजिष्टर वा कार्य सम्पादन रजिष्टरमा आवश्यक प्राविधिक र अन्य सुझावहरु लिखित रुपमा उपलब्ध गर्नेछन् । प्रत्येक पटकको स्थल-भ्रमणमा अनुगमन गर्ने व्यक्तिले दुबै क्रियाकलापहरुको सूची (content) र कार्यान्वयन प्रकृयाको मूल्याङ्कन गरी सम्बन्धित डिभिजन वन कार्यालय र प्रादेशिक इकाईलाई जानकारी गर्नुपर्दछ ।

(घ) सम्बन्धित सब-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालय/प्रादेशिक वन निर्देशनालयद्वारा तोकिएको अधिकृत वा स्वतन्त्र विशेषज्ञले दिगो वन व्यवस्थापन सम्बन्धी कार्यसम्पादन मूल्याङ्कन र किस्ता भुक्तानीको औचित्य (हेर्नुहोस् तालिका २) अनुसार कार्यसम्पादन मूल्याङ्कन गर्नेछ, र डिभिजन वन कार्यालयलाई कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानीको लागि सिफारिस गर्नेछ । प्रत्येक किस्ताको भुक्तानीको लागि पालना गर्नुपर्ने मापदण्ड एवं पेश गर्नुपर्ने दस्तावेजहरु अनुदानग्राहीसितको सम्झौतामा उल्लेख गर्नुपर्दछ । डिभिजन वन कार्यालयले कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी सम्बन्धित अनुदानग्राहीको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

**तालिका २ : दिगो वन व्यवस्थापन  सम्बन्धी कार्यसम्पादन मूल्याङ्कन र किस्ता भुक्तानीको औचित्य**

| किस्ताहरु | कार्यसम्पादन दाँज्नका लागि आधार-रेखा | कहिले मूल्याङ्कन गर्ने? | कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान को प्रतिशत |
|---|---|---|---|
| पहिलो | प्रस्तावकलाई उपलब्ध गरिएको टिपोट वा सूचीमा उल्लेख गरिएबमोजिम | पहिलो आर्थिक वर्षको तेस्रो चौमासिक अवधिको अन्त्यमा | हस्ताक्षरित रकममध्ये बढिमा ४०% |
| दोस्रो | पहिलो किस्ताको लागि | दोस्रो आर्थिक वर्षको तेस्रो चौमासिक अवधिको अन्त्यमा | हस्ताक्षरित रकममध्ये बढिमा ३०% |
| तेस्रो | पहिलो किस्ताको लागि | तेस्रो आर्थिक वर्ष | हस्ताक्षरित रकममध्ये बढिमा ३०% |

(ङ) सम्पूर्ण कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी प्रणालीले सहभागिता, समावेशीकरण, पारदर्शिता, र जवाफदेहिता (accountability) का सिद्धान्तहरुलाई अनिवार्यरुपमा  अवलम्वन गर्नुपर्दछ ।

(च) प्रादेशिक मन्त्रालयले प्रत्येक डिभिजन वन कार्यालयको लागि कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयोजनको निमित्त समर्पित बजेट (dedicated budget) विनियोजन गर्नु पर्नेछ ।

(छ) प्रत्येक डिभिजन वन कार्यालयले समृद्धिका लागि वन परियोजना तथा कार्यक्रमका क्रियाकलापहरुको अनुगमन तथा रिपोर्टिङ्गवारे विद्यमान जिल्ला एवं प्रादेशिक अनुगमन प्रणाली भित्र एकीकृत गर्नु पर्नेछ ।

## ६. दिगो वन व्यवस्थापन सम्बन्धी अभिलेखहरुको व्यवस्थापन तथा प्रतिवेदन

६.१ कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान  भुक्तानी प्रणाली अन्तर्गतका सम्पूर्ण क्रियाकलापहरु सहभागिता, समावेशीकरण र अनुकुलन व्यवस्थापन (adaptive management) का सिद्धान्तहरु अनिवार्य रुपमा अवलम्वन गरेर कार्यान्वयन, अनुगमन, र अभिलेखीकरण गरिनुका साथै यसवारेमा सम्बन्धित निकायहरुमा जानकारी गराउनु पर्दछ । यसका साथै कार्यमूलक सिकाई (action learning), सर्वश्रेष्ठ अभ्यासहरु (best practices) का साथै दुबै सफल र असफल कार्यहरु विभिन्न तहहरुमा सिकाईका लागि अभिलेखीकरण गरिनु पर्दछ ।

६.२ हरेक वर्षका दिगो वन व्यवस्थापन अनुगमनसम्बन्धी तथ्याङ्कहरु सब-डिभिजन वन कार्यालय, जिल्ला/डिभिजन वन कार्यालय, प्रादेशिक र संघीय तहहरुमा अभिलेखीकरण गरी हिफाजतका साथ राखिएका छन् एवं व्यवस्थापन गरिएका छन्, र तिनलाई सबै सरकारी तहहरुमा एकीकृत गरिएकाछन् भनी सुनिश्चित गरिनु पर्दछ ।

६.३ सहभागी उपभोक्ता समूहहरुका साथै सम्बन्धित सब-डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय, र प्रादेशिक वन निर्देशनालयहरु विभिन्न सुशासनका तहहरुमा अनुगमन तथा रिपोर्टिङ्गमा संलग्नता अपेक्षित रहेको छ ।

(क) सब-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयद्वारा काममा लगाईएका सेवाप्रदायकले कार्यस्थल तहका तथ्याङ्कहरु सङ्कलन गर्नेछन् ।

(ख) उपभोक्ता समूहहरु र तिनका कार्यकारी सदस्यहरु पनि सुरक्षासम्बन्धी सूचना प्रणाली (Safeguard Information System: SIS) को लागि मापन एवं अनुगमन सम्बन्धी क्रियाकलापहरुका साथै कार्यस्थल तहका सूचनाहरु र सामाजिक-आर्थिक आधार-रेखासम्बन्धी तथ्याङ्कहरु सङ्कलन गर्ने कार्यमा पनि संलग्न हुनेछन् ।

(ग) ट्र्याकिङ्ग र/वा अनुगमन प्रयोजनका लागि दिगो वन व्यवस्थापन -स्थलको GPS को अवस्थिति र डिजिटल नक्सा, स्थानको नाम र क्षेत्रफल, रुखका प्रजाति र दिगो वन व्यवस्थापन शुरु गरिएको वर्ष पनि रेकर्ड गरिनेछ ।

(घ) यसरी सङ्कलन गरिएका तथ्याङ्कहरुलाई सार्वजनिक रुपमा पहुंचयोग्य वेभमा आधारित 'राष्ट्रिय वन व्यवस्थापन सूचना प्रणाली' (जसलाई परियोजनाले पनि विभिन्न घटकहरु अन्तर्गत परिकल्पना गरेको छ) मा प्रविष्ट (entry) गरी एकीकृत गरिनेछ । प्रत्येक लाभग्राही, कार्यान्वयनकर्ता, इच्छुक व्यक्ति, र सबै तहका सुशासनका तहहरुमा सबै संगठनहरुले अद्यावधिक गरिएका तथ्याङ्कहरु पहुंच राख्न सक्दछन् । यसले पारदर्शिता र जवाफदेहिता कायम राख्नमा योगदान पुऱ्याउनेछ ।

(ङ) तथ्याङ्क सङ्कलन गर्ने प्रकृया, यिनको व्यवस्थापन तथा प्रतिवेदन गर्ने कार्यहरुलाई संस्थागत गरिनेछ र यसलाई परियोजनाको सहयोग पश्चात् पनि कायम गरिनेछ । परियोजना समाप्त भएपछि पनि सम्बन्धित डिभिजन वन कार्यालयहरुले वन ऐन (२०७६) र वन नियमावली (२०७९) कानून अन्तर्गत सहभागी उपभोक्ता समूहहरुलाई प्राविधिक एवं प्रशासनिक सहयोग जारी राख्नेछन् ।

## ७. विविध

७.१ सम्बन्धित डिभिजन वन कार्यालय, प्रदेश वन निर्देशनालय, प्रादेशिक इकाईहरुले परियोजनाको सहयोग अन्तर्गत सहज रुपमा दिगो वन व्यवस्थापनका क्रियाकलापहरु कार्यान्वयनका लागि उपभोक्ता समूह र सरोकारवालाहरुसँग मैत्रीपूर्ण समन्वय सुनिश्चित गर्नेछन् । साथै दिगो वन व्यवस्थापनका क्रियाकलापहरु वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका अनुरुप रहेका र आवश्यक स्वीकृत मानक तथा मार्गनिर्देशन अनुरुप कार्यान्वयन गरिएका छन् भनी सुनिश्चित गर्नेछन् । सम्बन्धित डिभिजन वन कार्यालय, प्रदेश वन निर्देशनालय र प्रादेशिक इकाईहरुले कोषको सदुपयोग र दुरुपयोग, वन सम्वर्द्धन प्रणाली एवं रुख प्रजातिको छनौट (choice of silvicultural system and species) र समुदायमा आधारित वन व्यवस्थापनसम्बन्धी अन्य मामिलाहरुवारे कुनैपनि गुनासोहरु प्राप्त गर्नेछन् । ती गुनासोहरु अभिलेखीकरण गरी आवश्यक कार्यवाही गर्न र कामलाई पछ्याउन (follow-up) का लागि तत्काल सम्बन्धित प्रदेश वन निर्देशनालय र संघीय इकाईमा पेश गरिनेछ । सम्बन्धित प्रदेश वन निर्देशनालयहरु र संघीय इकाईले समाधान गरिएका गुनासोहरुलाई आ-आफ्ना वार्षिक प्रतिवेदनहरुमा समावेश गर्नेछन् ।

७.२ यस निर्देशिकालाई परियोजना अवधिभर आवश्यकताअनुसार परिमार्जन एवं अद्यावधिक गर्न सकिनेछ । संघीय र प्रादेशिक तहका परियोजना निर्देशक समितिहरु (Project Steering Committees) को सिफारीसमा वन तथा वातावरण मन्त्रालयले यस निर्देशिकालाइ संशोधन गर्नेछ ।

७.३ कार्यान्वयन प्रकृयाको अवधिमा कुनै विवाद, झगडा वा दावी उत्पन्न भएमा, सम्बन्धित डिभिजन वन कार्यालयले प्रदेश वन निर्देशनालयलाई मध्यस्थताको लागि यसवारे तत्काल सूचित गर्नेछ, र यसमा प्रदेश वन निर्देशनालयको निर्णय अन्तिम हुनेछ ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय

## अनुसूची १ : कार्य सम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदानको भुक्तानी सम्बन्धी सम्झौता

यो कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी सम्बन्धी सम्झौता कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान अन्तर्गतका नियोजित क्रियाकलापहरु (तालिका २ मा हेर्नुहोस्) दिगो वन व्यवस्थापन कार्यान्वयन गर्नका लागि ...................... [डिभिजन वन कार्यालयको नाम] र .................... [उपभोक्ता समूहको नाम] बीच हस्ताक्षर भएको र ................. सम्म [परियोजना अन्त्य हुने मितिसम्म] लागु हुनेछ ।

**नियम तथा सर्तहरु**

(क) निर्धारित कार्यहरु तोकिएको समय-सिमाभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(ख) कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी स्वीकृत ने. रु. .................... (अक्षरमा ..........................) अनुमानित लागतको ५०% भन्दा बढि हुने छैन् र प्रत्येक आर्थिक वर्षको तेस्रो चौमासिकको अन्त्यमा भुक्तानीसहित पहिलो वर्षको लागि ४०%, दोस्रो वर्षको लागि ३०%, र तेस्रो वर्षको लागि ३०% गरी तीन किस्तामा उपलब्ध गरिनेछ ।

(ग) उपभोक्ता समूहहरुको कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी एक जना स्वतन्त्र विशेषज्ञ वा संयुक्त अनुगमन टोलीद्वारा गरिएको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा निम्नबमोजिम हुनेछ :

- पात्रोअनुसार नियोजित कार्यहरुको कार्यान्वयन (२५%);
- रुखहरुको गुणस्तर (stand quality), जैविक विविधता, जलस्रोत संरक्षणजस्ता संरक्षणको अवस्था (२०%);
- नियमित बैठक एवं भेलाहरु, मूल भाउचर (original voucher) र आवश्यक दस्तावेजसहितको 'दोहोरो-प्रविष्टी लेखा प्रणाली' (Double-entry Accounts System), बलियो आन्तरिक अनुगमन प्रणाली, सार्वजनिक लेखापरीक्षण, र सरोकारवालाहरुबीच समन्वयसहित पारदर्शिता र जवाफदेहिताको अनुरक्षण (१५%);
- न्यायिक लाभ बाँडफाँट प्रणाली (१५%);
- सम्बन्धित डिभिजन वन कार्यालय र पालिकामा समयमै वार्षिक प्रतिवेदन, आर्थिक तथा लेखापरिक्षण प्रतिवेदन पेश गरेको (१५%); र
- प्रमुख पदहरुमा महिला, आदिवासी जनजाति, मधेसी र दलितहरुको समावेशीकरण (१०%) ।

(घ) उपभोक्ता समूहहरुले कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानीको लागि स्वीकृत प्रस्तावमा उल्लेख गरिएबमोजिम सहमति गरिएका क्रियाकलापहरुको प्रगतिको प्रमाण समावेश भएको एक प्रतिवेदनसहित अनुरोध गर्न सक्नेछन् । प्रगति प्रतिवेदन सम्बन्धित सब-डिभिजन वन कार्यालयमा वा सिधै डिभिजन वन कार्यालयमा पेश गर्न सकिनेछ । सम्बन्धित डिभिजन वन कार्यालयले उपभोक्ता समूहहरुको कार्यसम्पादनमा आधारित अनुदानको लागि प्रकृया अगाडि बढाउनेछ, र मूल्याङ्कन गरिएबमोजिमको अनुदान रकम सम्बन्धित उपभोक्ता समूहको बैंक खातामा जम्मा गर्नेछ ।

(ङ) यदि स्वीकृत प्रस्तावमा संकेत गरिए बमोजिमका एक वा बढि क्रियाकलापहरु सफलतापूर्वक सम्पन्न हुन नसकेमा, सम्बन्धित डिभिजन वन कार्यालयले उक्त क्रियाकलापको लागि विनियोजित कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी घटाउन सक्नेछ वा आवश्यक परेमा कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानीसम्बन्धी सम्झौता रद्द गर्नेछ ।

(च) नियोजित क्रियाकलापहरु सञ्चालन गर्नमा उपभोक्ता समूह एक्लै जिम्मेवार हुनेछ । नियोजित क्रियाकलापहरु कार्यान्वयन गर्न असफल भएमा डिभिजन वन कार्यालय र प्रादेशिक इकाईलाई कुनैपनि वित्तीय दायित्वहरु पूरा गर्न प्रेरित गरिने छैन् ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं नेपाल

हस्ताक्षर/मिति : ....................................
नाम : ..................................................
पद : ..................................................
संस्था : ............................................
ठेगाना : .............................................
सम्पर्क नं. : (मोवाइल) : ........................
छाप :
साक्षी : ...............................................
नाम : ..................................................
पद : ..................................................
संस्था : ............................................
ठेगाना : .............................................
सम्पर्क नं. : (मोवाइल) : ........................

हस्ताक्षर/मिति : ....................................
नाम : ..................................................
पद : ..................................................
संस्था : ............................................
ठेगाना : .............................................
सम्पर्क नं. : (मोवाइल) : ........................
छाप :
साक्षी : ...............................................
नाम : ..................................................
पद : ..................................................
संस्था : ............................................
ठेगाना : .............................................
सम्पर्क नं. : (मोवाइल) : ........................

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं नेपाल

## अनुसूची २: कार्यक्रम/परियोजनामा सहभागी पालिकाहरु

| लुम्बिनी प्रदेश | | | | मधेश प्रदेश | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जिल्ला | क्र.सं. | पालिका | क्र.सं. | जिल्ला | क्र.सं. | पालिका |
| 1 | बर्दिया | 1 | बाँसगढी नगरपालिका | 1 | सर्लाही | 1 | पर्सा गाँउपालिका |
| | | 2 | बढैयाताल गाँउपालिका | | | 2 | ब्रम्हपुरी गाँउपालिका |
| 2 | बाँके | 3 | कोहलपुर नगरपालिका | | | 3 | हरिपुर्वा नगरपालिका |
| | | 4 | बैजनाथ गाँउपालिका | | | 4 | हरिवन नगरपालिका |
| | | 5 | खजुरा गाँउपालिका | 2 | महोत्तरी | 5 | जलेश्वर नगरपालिका |
| 3 | दाङ | 6 | घोराही उप-महानगरपालिका | | | 6 | बर्दिबास नगरपालिका |
| | | 7 | लमही नगरपालिका | | | 7 | एकडारा गाँउपालिका |
| | | 8 | राप्ती गाँउपालिका | 3 | सिरहा | 8 | औरही गाँउपालिका |
| | | 9 | बंगलाचुली गाँउपालिका | | | 9 | नवराजपुर गाँउपालिका |
| 4 | रोल्पा | 10 | रुन्टिगढी गाँउपालिका | | | 10 | बरियारपट्टी गाँउपालिका |
| 5 | प्युठान | 11 | सरुमारानी गाँउपालिका | 4 | सप्तरी | 11 | हनुमाननगर कङ्कालिनी न.पा. |
| 6 | अर्घाखाँची | 12 | शितगङ्गा नगरपालिका | | | 12 | तिरहुत गाँउपालिका |
| | | 13 | पाणीनी गाँउपालिका | | | 13 | महादेवा गाँउपालिका |
| 7 | पाल्पा | 14 | रैनादेवी छहरा गाँउपालिका | 5 | रौतहट | 14 | माधवनारायण नगरपालिका |
| | | 15 | तिनाउ गाँउपालिका | | | 15 | दुर्गाभगवति गाँउपालिका |
| | | 16 | बगनासकाली गाँउपालिका | | | 16 | राजदेवी नगरपालिका |
| 8 | कपिलबस्तु | 17 | शिवराज नगरपालिका | 6 | पर्सा | 17 | बीरगञ्ज महानगरपालिका |
| | | 18 | बुद्धभूमि नगरपालिका | | | 18 | जगरनाथपुर गाँउपालिका |
| | | 19 | बाणगङ्गा नगरपालिका | | | 19 | पटेर्वा सुगौली गाँउपालिका |
| 9 | रुपन्देही | 20 | सैनामैना नगरपालिका | 7 | बारा | 20 | पचरौता नगरपालिका |
| | | 21 | कञ्चन गाँउपालिका | | | 21 | देवताल गाँउपालिका |
| | | 22 | देवदह नगरपालिका | | | 22 | सुवर्ण गाँउपालिका |
| | | 23 | लुम्बिनी साँस्कृतिक नगर पालिका | 8 | धनुषा | 23 | जनकपुरधाम उप-महानगरपालिका |
| 10 | नवलपरासी पश्चिम | 24 | सुनवल नगरपालिका | | | 24 | मिथिला-विहारी न.पा. |
| | | 25 | सरावल गाँउपालिका | | | 25 | लक्ष्मिनीया गाँउपालिका |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

## अनुसूची ३ : प्रमुख सरोकारवालाहरु र तिनका भूमिका तथा जिम्मेवारीहरु

नेपालको संविधान (२०७२), वन नीति (२०७५), वन ऐन (२०७६) र वन नियमावली (२०७९) सबैले राष्ट्रिय वन व्यवस्थापनलाई प्रादेशिक क्षेत्राधिकार अन्तर्गत राखेका छन् । अतः लुम्बिनी र मधेश प्रदेशका प्रादेशिक मन्त्रालयहरुमा आ-आफ्ना क्षेत्राधिकार भित्र दिगो वन व्यवस्थापन व्यवस्थापन गर्ने प्राथमिक जिम्मेवारी रहेको छ । तिनीहरुका विभिन्न तहहरुमा, दिगो वन व्यवस्थापनको लागि प्रत्येक मन्त्रालयअन्तर्गत रहेका प्रादेशिक वन निर्देशनालय र यसअन्तर्गत रहेका डिभिजन वन कार्यालयका साथै डिभिजन वन कार्यालय अन्तर्गत रहेका सब-डिभिजन वन कार्यालय लगायत अझ तलसम्म रहेका समुदायहरु जिम्मेवार रहेका छन् । यस निर्देशिकाको अघिल्ला खण्डहरुमा उल्लेखित कार्यहरुका अतिरिक्त प्रादेशिक मन्त्रालयहरुले प्रादेशिक-स्तरका नीजि क्षेत्र-मैत्री 'सरल वन पैदावार सङ्कलन तथा ढुवानी सञ्चालन' प्रयोजनका लागि सञ्चालन मानकहरु (operational standards) तयार गर्नेछ । प्रादेशिक मन्त्रालयहरुले व्यवस्थापन योजना परिमार्जन एवं कार्यान्वयन सहयोग मार्फत विद्यमान अभ्यासहरुलाई परिष्कृत गर्दै समुदायमा आधारित वन व्यवस्थापन अन्तर्गत नयाँ वनहरुको स्थापनालाई प्रोत्साहन गर्न र यसको स्तर बढाउन एवं विस्तार गर्न आन्तरिक स्रोतहरु पनि प्रयोग गर्नेछन् । कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रम प्रवर्द्धन गर्नमा प्रमुख सरोकारवालाहरु र तिनका प्रमुख भूमिका र जिम्मेवारीहरु तल प्रस्तुत गरिएका छन् :

| प्रमुख सरोकारवालाहरु | प्रमुख भूमिका तथा जिम्मेवारीहरु |
|---|---|
| संघीय वन तथा वातावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र, संघीय इकाई, र वन तथा भू-संरक्षण विभाग | - उच्चस्तरीय नीतिसम्बन्धी दिशानिर्देश (high-level policy guidance) गर्ने ;<br>- समय समयमा अनुगमन गर्नुका साथै प्रदेश वन निर्देशनालय र डिभिजन वन कार्यालयहरुलाई प्रतिक्रिया उपलब्ध गर्ने;<br>- समग्र कार्यसम्पादन मूल्याङ्कन गर्ने । |
| प्रादेशिक मन्त्रालय ( वन तथा वातावरण क्षेत्र हेर्ने) हरु | - प्रदेश स्तरीय नीति निर्देशन (provincial-level policy direction) गर्ने;<br>- योजना तर्जुमा तथा बजेट निर्माण गर्ने;<br>- आवश्यकता अनुसार अनुगमन गर्ने, साथै डिभिजन र सब-डिभिजन वन कार्यालयहरुलाई आवश्यक दिशानिर्देश एवं प्रतिक्रिया उपलब्ध गर्ने; र<br>- मन्त्रालयस्तरीय 'योजना तर्जुमा र प्रगति प्रतिवेदन प्रणाली' भित्र लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी खण्डिकृत गरिएको तथ्याङ्क (disaggregated data) सँग समृद्धिका लागि वन परियोजना तथा कार्यक्रम एकीकृत भएको सुनिश्चित गर्ने । |
| प्रदेश वन निर्देशनालय | - डिभिजन वन कार्यालयहरुलाई योजना तर्जुमा, बजेट निर्माण, र कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रम कार्यान्वयन गर्नमा सहयोग गर्ने;<br>- नियमित रुपमा अनुगमन गर्ने, साथै डिभिजन र सब-डिभिजन वन कार्यालयहरु, र सहभागी सामुदायिक वन उपभोक्ता समूहहरुलाई लिखित रुपमा प्रतिक्रिया एवं प्राविधिक सहयोग उपलब्ध गर्ने; र<br>- संयुक्त अनुगमन कार्यक्रमहरु (joint monitoring events) मा प्रतिनिधित्व गर्ने । |

नेपाल वन तथा वाता... रेड का... बबरमहल

| | |
|---|---|
| प्रादेशिक इकाई | - गुणस्तरीय संकलनसम्बन्धी उपकरण (quality harvesting equipment), दक्ष सेवा प्रदायक, र अन्य आवश्यक स्रोतजस्ता प्राविधिक रुपमा गतिला एवं गुणस्तरीय सहयोगसहित डिभिजन वन कार्यालय र सहभागी उपभोक्ता समुहहरुलाई सहजीकरण एवं वित्तीय सहयोग गर्ने;<br>- नियमित अनुगमन गर्ने, र यसबारे सम्बन्धित पालिकाको कार्यकारी कार्यालय, डिभिजन वन कार्यालय, र प्रदेश वन निर्देशनालयहरुलाई जानकारी गर्ने;<br>- नीजि र सार्वजनिक जग्गामा वन विकास कार्यक्रममा संघीय र प्रादेशिक 'नीति एवं नियामक उपायहरु' (policy and regulatory instruments) लाई सम्मान गर्ने साथैं तिनको पालना गर्ने; र<br>- संघीय इकाईद्वारा तोकिएका अन्य सान्दर्भिक प्राविधिक सहयोग उपलब्ध गर्ने । |
| डिभिजन र सब-डिभिजन वन कार्यालयहरु | - स्थापित प्रणालीभित्र समृद्धिका लागि वन परियोजना तथा कार्यक्रम सम्बन्धी योजना तर्जुमा, अनुगमन र प्रतिवेदनहरु एकीकृत गर्ने;<br>- कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रममा सहयोग गर्ने;<br>- सहभागी उपभोक्ता समुहहरुलाई सहयोग एवं सहजीकरण गर्ने, र प्राविधिक सेवा प्रदायकको रुपमा कार्य गर्ने;<br>- जिल्लास्तरीय प्रशिक्षण र क्षमता विकाससम्बन्धी कार्यक्रमहरु डिजाइन गरी कार्यान्वयन गर्ने;<br>- नियमित अनुगमन गर्ने र सहयोगी प्रतिक्रिया (supportive feedback) उपलब्ध गर्ने; र<br>- विशेष गरी महिला, आदिवासी जनजाति, दलित, मुस्लिम, र वनमा आश्रित गरीबहरुलाई कार्यसम्पादनमा आधारित वृक्षरोपण कार्यक्रममा सहभागी हुन प्रोत्साहित गर्ने एवं प्रेरणा दिने । |
| पालिकाको कार्यकारीको कार्यालय र वडा कार्यालयहरु | - उपभोक्ता समुहहरुलाई पालिकास्तरको योजनासम्बन्धी निर्देशनहरु उपलब्ध गर्ने;<br>- नियमित अनुगमन र प्रतिक्रिया उपलब्ध गर्नुका साथै उपभोक्ता समुहहरुलाई सहजीकरण एवं सहयोग गर्ने;<br>- आन्तरिक स्रोत प्रयोग गरेर आवश्यक वित्तीय सहयोगसहित उपभोक्ता समुहहरुलाई सहयोग उपलब्ध गर्ने;<br>- लैङ्गिक समानता, सामाजिक समावेशीकरण, र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्नमा उपभोक्ता समुहहरुलाई सशक्तिकरण (empower) गर्ने; र<br>- संयुक्त रुपमा कार्यान्वयन गरिने अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन कार्यक्रहरुमा प्रतिनिधित्व गर्ने । |
| प्रादेशिक इकाईमा कार्यरत विज्ञ/विशेषज्ञहरु | - स्थानीय सरोकारवालाहरुसँगको सहकार्यमा प्राविधिक सहयोगको कार्यान्वयनको निरीक्षण गर्ने, साथै आवश्यक उत्पादन र सेवाहरु समयमै अपेक्षित गुणस्तरका साथ उत्पादन भएको सुनिश्चित गर्ने;<br>- समुदायको सशक्तिकरण र प्राविधिक सहयोगसम्बन्धी क्रियाकलापहरु समयमै समन्वयात्मक रुपमा कार्यान्वयन भएको सुनिश्चित गर्ने;<br>- दिगो वन व्यवस्थापन अनुदान संयन्त्र (mechanism) लगायत दिगो वन व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुमा सहजीकरण गर्ने;<br>- अनुगमन गर्ने, साथै प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय, परियोजना कार्यान्वयन टोली र सेवा प्रदायकहरुलाई निरन्तर प्राविधिक सरसल्लाह उपलब्ध गर्ने एवं दिशानिर्देश गर्ने; र<br>- वातावरणीय तथा सामाजिक सुरक्षासम्बन्धी व्यवस्थापन सुधार गर्नुका साथै दिगो वन व्यवस्थापनसम्बन्धी क्रियाकलापहरुको प्राविधिक गुणस्तरलाई कायम गर्नका लागि सम्बन्धित सरकारी कार्यालय, कार्यान्वयनकर्ता, सम्बन्धित सरोकारवाला, र संस्थाहरुसित समन्वय गर्ने । |
| सम्बन्धित स्थानीय तह, समुदायमा आधारित संस्था र गैह्रसरकारी संस्थाहरु | - सचेतना-जागरण तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरु आयोजन गर्ने;<br>- सामाजिक परिचालन (social mobilization) सम्बन्धी कार्यहरु आयोजन गर्ने;<br>- समावेशी, गुणस्तरीय एवं प्रतिस्पर्धात्मक कार्यसम्पादनका लागि उपभोक्ता समूहहरुलाई प्रोत्साहन, सशक्तिकरण एवं सहजीकरण गर्ने; र<br>- पारदर्शिता र जवाफदेहिताको लागि पैरवी गर्ने । |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं नेपाल

| | |
|---|---|
| सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन उपभोक्ता समूहहरु (समुदायहरु) | - दिगो वन व्यवस्थापनवारे उपभोक्ता समुहका दृष्टिकोणहरु (perspectives) लाई परिचालन गर्ने, साथै विशेष गरी महिला, आदिवासी जनजाति, मधेसी, दलित र वनमा आश्रित गरीवहरुलाई समावेश गर्ने एवं सशक्तिकरण गर्ने;<br>- अद्यावधिक अभिलेखको व्यवस्थापन, दोहोरो श्रेस्ता प्रणालीमा आधारित लेखा प्रणाली, समयमै जानकारी गर्ने, सार्वजनिक लेखापरीक्षण मार्फत पारदर्शिता तथा जवाफदेहिता कायम गर्ने;<br>- विधान र वन व्यवस्थापन योजनाहरुको कार्यअवधीभर क्रियाशील बनाईराख्ने;<br>- डिभिजन/सब-डिभिजन वन कार्यालय, संघीय इकाई, र अन्य संस्थाहरुले आयोजना गरेका सान्दर्भिक सीप विकास र सचेतना जागरण सम्बन्धी कार्यक्रमहरुमा सहभागी हुने;<br>- पारदर्शिता र जवाफदेहिताका लागि पैरवी गर्ने;<br>- उत्पादनको परिमाणसम्बन्धी अर्थव्यवस्था (economy of scale of production), वनडढेलो व्यवस्थापन (forest-fire management), उद्यमशीलताको विकास (entrepreneurship development), र अन्य आयआर्जनसम्बन्धी कार्यक्रमहरु (income generation initiaves) समूह (cluster) मा वा भू-परिधिस्तर (landscape-level) मा आयोजना गर्ने;<br>- आवश्यक समन्वय एवं सहकार्यका लागि छिमेकी उपभोक्ता समूहहरुसित निरन्तर सम्पर्कमा रहने, र समस्याहरु (कुनै भएमा) वारे जानकारी गर्ने;<br>- सर्वश्रेष्ठ एवं नविनतम अभ्यासहरु (best and innovative practices) लाई माथिल्लो तहमा पुऱ्याउने; र<br>- पारदर्शिता र जवाफदेहिताका लागि पैरवी गर्ने । |
| सेवा प्रदायकहरु | - सम्झौतामा उल्लेख भएबमोजिम सेवा प्रदान गर्ने;<br>- उपभोक्ता समूहहरुलाई सहजीकरण एवं सहयोग गर्ने, साथै क्षमता विकाससम्बन्धी कार्यक्रमहरु आयोजन गर्ने;<br>- अनुगमनसम्बन्धी कार्यक्रमहरु संयुक्त रुपमा आयोजन गर्ने र सहभागी हुने; साथै वडा कार्यालय, पालिकाको कार्यकारीको कार्यालय, संघीय इकाई, र सब-डिभिजन/डिभिजन वन कार्यालय / परियोजना व्यवस्थापन कार्यालयहरुलाई जानकारी गर्ने । |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं नेपाल